# पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- ४ बैठक मितिः- २०८१/०५/२८

बैठक स्थानः- गाउँपालिकाको सभाहल

| | | |
|---|---|---|
| ७. | विपद् सम्बन्धी समिक्षा सम्बन्धमा । | यस गाउंपालिकामा गत असार ३० गते र त्यसपछी आएको बाढी पहिरोबाट व्यापक क्षति भएकाले उक्त बाढी पहिरोबाट क्षति भएका संरचनाहरुको मर्मत संभार गर्न भएको खर्चका सम्बन्धमा गाउंपालिकास्तरीय विपद् व्यवस्थापन समितिले गरेका निर्णयहरुका सम्बन्धमा छलफल भई समिक्षा भयो । |
| ९. | विविध सम्बन्धमा । | आजको गाउंकार्यपालिका बैठकले विविध विषयका सम्बन्धमा तपशिल बमोजिमका निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>१) विधायन समितिबाट पेश हुन आएको कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१ लाई पास गर्ने सर्वसम्मत निर्णय गरियो<br>२) गाउंपालिकाको कानुनी संगालो प्रकाशन गर्नका लागि विधायन समितिलाई नै अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>३) विपद् कार्यका लागि अमानतबाट भएका कार्यहरुको भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>४) २०८१ असोज मसान्तभित्र टेन्डरबाट हुने सबै योजनाको बोलपत्र आवह्नन गरिसक्ने सर्वसम्मत निर्णय गरियो ।<br>५) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च न ६८ मिति २०८१/०५/२० को परिपत्र अनुसार तपशिल बमोजिमका योजना तथा कार्यक्रम छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।<br>**तपशिल**<br>१. जनहित आधारभूत विद्यालय वडा नं. १<br>२. गुन्सा फोहोर मैला व्यवस्थापन वडा नं. ५<br>३. याङग्री सिंचाई वडा नं. २<br>४. सित भण्डार निर्माण वडा नं. ६<br>५. अवलोकन भ्रमण<br>६) वालवालिका छात्रवृती कार्यविधि संशोधनका लागि विधायन समितिलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो । |
| १०. | प्रस्ताव पेश गर्ने सम्बन्धमा । | भारतिय राजदुतावासबाट परिपत्र भर्य माग भएका योजना तथा कार्यक्रमहरु नियमानुसार छनौट गरी प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ११. | सहकार्य गर्ने सम्बन्धमा । | काठमाडौ महानगरपालिकालाई सहकार्यका गर्नका लागि वडा नं. ३ मा रहेको सेरच्यु बरलो साना किसान कृषि सहकारी मार्फत स्वर्णिम योजना एग्रो पुलिङ कार्यक्रम अर्न्तगत अर्गानीक बजारीकरणको लागि सहकार्य गर्ने दिने सर्वसम्मत निर्णय गरियो । |

नारायण कुईकेल
प्रमुख प्रशासकीय अधिकृत

# पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

## आ.व. २०८१/०८२

बैठक नं.- ४ बैठक मितिः- २०८१/०५/२८

बैठक स्थानः- गाउँपालिकाको सभाहल

| सि.नं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत कार्यपालिका निर्णय समिक्षा सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाकाको मिति २०८१/०५/०७ गते भएको गाउँकार्यपालिकाको तेस्रो बैठकबाट भएका सबै निर्णयहरु कार्यन्वयनका सम्बन्धमा समिक्षा भएको सर्वसम्मत निर्णय गरियो । |
| २. | उपभोक्ता समिति गठन सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाकाको आ.व. ०८१/०८२ को गाउँसभाबाट विनियोजन भएका र संघ प्रदेश तथा अन्य निकायबाट यस गाउँपालिकामा योजना विनियोजन भई गाउँपालिकाले कार्यन्वयन गर्ने योजना तथा कार्यक्रमहरुको मिति २०८१ कार्तिक मसान्तसम्म उपभोक्ता समिति गठन गरी सक्ने र २०८१ माघ मसान्तसम्म योजना सम्झौता गरी सक्ने सर्वसम्मत निर्णय गरियो । |
| ३. | वार्षिक समिक्षा सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८०/०८१ को गाउँसभाबाट पारित भएका नीति तथा कार्यक्रम अनुसार विनियोजन भएका योजना तथा कार्यक्रम र गाउँपालिकाले प्रवाह गरेका सेवाहरुका सम्वन्धमा २०८१ असोज १३ र १४ गते वार्षिक समिक्षा गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ४. | रकम फिर्ता माग गर्ने सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका र खाल्डे उत्तिसघारी सडक मर्मत उ.स. सँग रु. ४० लाखमा सम्झौता भई पहिलो रनिङ विल वापत मिति २०८१/०२/०९ गते रु. १५०३५४०।- उ.स. को खातामा भुक्तानी गरिएकोमा उक्त योजनाको कार्यसम्पन्न पछी मेलम्ची खानेपानीले भुक्तानी गर्ने गरी सम्झौता अनूरुप ८० प्रतिशत खानेपानी, १० प्रतिशत गाउँपालिका र उ.स. को जनश्रमदान हुने भएकाले कार्यसम्पन्न प्रतिवेदन अनुसार १० प्रतिशत हुन आउने रकम पहिलो रनिङ विलबाट कट्टा गरी बाँकी रकम दाखिला गर्न उ.स. लाई आदेश दिने सर्वसम्मत निर्णय गरियो । |
| ५. | झोलुङ्गे पुल निर्माण अपुग रकम सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकामा गत अषाढ ३० गते आएको वाढिपहिरोबाट क्षति भएको वडा नं. २ र ३ जोड्ने याङग्री झोलुङ्गे पुल निर्माणका लागि दोस्रो कार्यपालिका बैठकबाट रु. १५ लाख र चिन्डे जतन झोलुङ्गे पुलका लागि १२ लाख विनियोजन भएकोमा साविकको ठाउँमा झोलुङ्गे पुल निर्माण गर्न नसकिने र संरचन थप्नु पर्ने भएकाले पुल ठाउँ सारी भई निर्माण भएकाले पुलको लम्बाई बढ्न गई लागत समेत बढ्न गएकाले भएकोले आ.व. ०८१/०८२ को गाउँसभाबाट विनियोजन भएको विपद् व्यवस्थापन/प्रकोप व्यवस्थापन शिर्षकबाट आवश्कता अनुसार रकम थप गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ६. | विषयगत समितिको निर्णय अनुमोदन सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको शिक्षा समितिको मिति २०८१/०५/२६ गते बसेको बैठकले गरेका निर्णयहरु सर्वसम्मत रुपले अनुमोदन गर्ने निर्णय गरियो । |

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

### आ.व. २०८१/०८२

बैठक नं.- ४ बैठक मिति:- २०८१/०५/२८

बैठक स्थान:- गाउँपालिकाको सभाहल

| | | |
|---|---|---|
| १२. | रकमान्तर गर्ने सम्बन्धमा । | वडा नं. ७ मा रहेको वडास्तरीय योजना अर्न्तगत विनियोजन भएको भोटेनाम्लाङ सिंचाईमा विनियोजन भएको रु ९ लाख मध्येबाट रु ४ लाख दशौ लक्षित बाटो सरसफाईमा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत